# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, पुस २० गते २०५५ साल (संख्या ३७


## भाग ३

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको सूचना

श्री ५ को सरकारले निर्वाचन (अपराध र सजाय) ऐन, २०४७ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी रोल्पा, रुकुम, सल्यान र जाजरकोट जिल्लाहरूको गाउँ विकास समितिहरूका पदाधिकारीहरूको २०५५ पौष ३ गते भएको निर्वाचन सम्बन्धमा सोही ऐन अन्तर्गतको मुद्दामा कारवाही र किनारा गर्न उपर्युक्त जिल्लाका सम्बन्धित जिल्ला न्यायाधीश रहेको एक सदस्यीय निर्वाचन अदालत गठन गरेको छ र सो निर्वाचन अदालतको निर्णय उपर पुनरावेदन सुन्न सोही ऐनको दफा २२ को उपदफा (२) को प्रयोजनको लागि सो निर्वाचन अदालत रहेको क्षेत्रको पुनरावेदन अदालतलाई तोकेको छ ।

आज्ञाले,<br>
तीर्थमान शाक्य<br>
श्री ५ को सरकारको सचिव

302

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले अध्यागमन नियमावली, २०५१ को नियम ४६ ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूची–९ को क्रमसंख्या ५ को खण्ड (छ) पछि देहायको खण्ड (ज) थप गरेको छः–

"(ज) श्री ५ को सरकार वा श्री ५ को सरकारको पूर्ण स्वामित्व रहेको संस्थासँग ठेक्का पट्टामा काम गर्न श्रम स्वीकृति प्राप्त वा सन् १९८९ भन्दा अघिदेखि नेपालमा कुनै कारोवार गरी बसेका चिनीयाँ नागरिकहरूलाई प्रति महिना २० अमेरिकी डलर बराबरको नेपाली मुद्रा।"

आज्ञाले,
पदमप्रसाद पोखरेल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## जलस्रोत मन्त्रालयको सूचना

नेपाल विद्युत प्राधिकरण अन्तर्गत काठमाडौं, भक्तपुर, काभ्रेपलान्चोक, सिन्धुपाल्चोक, दोलखा र रामेछाप जिल्लामा खिम्ती सुनकोशी भक्तपुर बालाजु १३२ के.भी. प्रसारण लाइन आयोजनाबाट निर्माण गरिने प्रसारण लाइनको रेखाङ्कनमुनी र दायाँ बायाँ ९/९ मिटरभित्र परेका घर जग्गाहरूको सन्दर्भमा क्षतिपूर्ति निर्धारण गर्न विद्युत नियमावली, २०५० को नियम ८८ अनुसार गठित क्षतिपूर्ति निर्धारण समितिमा श्री ५ को सरकारले देहायबमोजिम अध्यक्ष तथा सदस्यहरू तोकेको छ।

(क) सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी – अध्यक्ष
(ख) नेपाल विद्युत प्राधिकरण सम्बन्धित आयोजनाका आयोजना प्रमुख – सदस्य
(ग) विद्युत विकास केन्द्रका उप-महानिर्देशक श्री बिदुरबहादुर कार्की – सदस्य

आज्ञाले,
विश्वराज रेग्मी
श्री ५ को सरकारको सचिव

308

आधिकारिकता मुद्रण (विभाग)बाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।